आज मिति २०७७ साल माघ १८ गते आइतबारका दिन बिहान ११:०० बजे गाउँपालिकाको सभाहलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

उपस्थिति

सि.नं.	पदाधिकारीका नाम	पद	हस्ताक्षर
१.	श्री कर्ण बहादुर मगर	अध्यक्ष	
२.	श्री पदम माया तामाङ	उपाध्यक्ष	
३.	श्री विष्णु प्रसाद सुवेदी	प्रमुख प्रशासकीय अधिकृत	
४.	श्री गोबिन्द बहादुर राउत	कार्यपालिका सदस्य	—
५.	श्री हेम बहादुर श्रेष्ठ	कार्यपालिका सदस्य	—
६.	श्री लाल बहादुर स्याङ्तान	कार्यपालिका सदस्य	
७.	श्री खड्ग बहादुर भुजेल	कार्यपालिका सदस्य	
८.	श्री दिनेश कुमार रमौली	कार्यपालिका सदस्य	—
९.	श्री वीर बहादुर पुलामी	कार्यपालिका सदस्य	
१०.	श्री कोमल बहादुर खपाङ्गी	कार्यपालिका सदस्य	
११.	श्री रेखराज अधिकारी	कार्यपालिका सदस्य	
१२.	श्री शेर बहादुर मगर	कार्यपालिका सदस्य	—
१३.	श्री पुण्यहरि भुजेल	कार्यपालिका सदस्य	
१४.	श्री हितलाल श्रेष्ठ	कार्यपालिका सदस्य	
१५.	श्री जगदिश्वर तोलाङ्गी	कार्यपालिका सदस्य	
१६.	श्री दुधकुमारी ठकुरी	कार्यपालिका सदस्य	दुधु
१७.	श्री देवमाया श्रेष्ठ	कार्यपालिका सदस्य	देवमाया
१८.	श्री भगवति कुमारी श्रेष्ठ	कार्यपालिका सदस्य	
१९.	श्री गीतामाया थापा	कार्यपालिका सदस्य	—
२०.	श्री टेक बहादुर परियार	कार्यपालिका सदस्य	—

१. सहभकर्ता : क.अ. प्रेम लंगेली मगर

२. का.स. : तारानाथ अधिकारी

३. सहजकर्ता : श्री जीतेन्द्र गिरी

॥ : श्री सुरेश कुमार बराल

प्रस्ताव तथा निर्णयहरुः

क.सं.	विषय	प्रस्ताव	निर्णयहरु
१.	योजना सम्बन्धी	१. अर्धवार्षिक समीक्षा सम्बन्धमा ।	१. गाउँपालिकाको चालु आ.व. ०७७/७८ को श्रावण १ देखि पौष मसान्तसम्मका भौतिक तथा वित्तीय प्रगतिको अर्धवार्षिक समीक्षा सम्पन्न गरियो ।
		२. योजना तथा बजेट संशोधन सम्बन्धमा ।	२. चालु आ.व. ०७७/७८ का लागि मिति २०७७/०३/२८ सातौं गाउँसभाबाट स्वीकृत वडा तथा गाउँपालिकास्तरीय योजना तथा बजेट आवश्यक संशोधनका लागि आगामी गाउँसभामा पेश गर्ने ।
२.	पूर्वाधार सम्बन्धी	३. अस्पतालको जग्गा तथा भवन सम्बन्धमा ।	३. सङ्घीय सरकारबाट यस लाम्पन्टार प्रा.स्वा.के.को १५ (पन्ध्र) शैय्याको अस्पताल निर्माणका लागि प्राप्त बजेट तथा निर्देशिका बमोजिम मौजुदा जग्गा अनुसारको डि.पि.आर. गरी सम्बन्धित मन्त्रालयमा संसोधनका लागि लेखी पठाउने ।
		४. प्रशासनिक भवनको इष्टिमेट भेरिएसन सम्बन्धमा ।	४. पालिकाको निर्माणाधीन प्रशासनिक भवनमा साविक इष्टिमेट भन्दा केही आइटम फेरवदल हुँदा थप भई कार्य सम्पन्न भएकोले प्राविधिक, कन्सल्टेन्ट र ठेकेदारलाई साविक डि.पि.आर. र सम्पन्न भएको कार्य बारे यथार्थ बुझी भेरिएसन प्रतिवेदन बमोजिम सार्वजनिक खरिद नियमावली अनुसार गर्ने ।
३.	स्वास्थ्य सम्बन्धी	५. स्वास्थ्य तर्फ रिक्त दरबन्दीमा सेवा करार गर्ने सम्बन्धमा ।	५. स्वास्थ्य सेवा तर्फ दरबन्दीमा हे.अ.-१ र स्टाफ नर्स-१ गरी २ (दुई) पद रिक्त भएकोले यस अघि मिति २०७७/१०/१६ मा प्रकाशित पद सङ्ख्या तथा दरखास्त आव्हानको म्याद थप सम्बन्धी प्रकाशित सूचना अनुमोदन गर्ने ।
४.	सामाजिक विकास सम्बन्धी	६. उद्यम विकास सहजकर्ताको तलब वृद्धि सम्बन्धमा ।	६. यस गाउँपालिकाका लागि नियुक्त हुने उद्यम विकास सहजकर्ताको तलबमा निजामती सेवाको सम्बन्धित पद तथा तह बमोजिम निर्देशिका अनुसार न्यूनतम तलब स्केल प्रदान गर्ने ।
५.	कृषि सम्बन्धी	७. कृषि पकेट क्षेत्रका लागि आवेदन छनौट गर्ने सम्बन्धमा ।	७. कृषि पकेट क्षेत्रका तपसिल बमोजिमका प्राविधिक समितिको सिफारिस अनुसार प्राप्त योग्य आवेदनहरु छनौट गर्ने । (क) श्री कालिमाटी बहुउद्धेश्यीय कृषि समुह वडा नं. ७ (आलु पकेट) (ख) श्री पौडेल कृषि फर्म वडा नं. ८ (अदुवा पकेट) (ग) श्री महाकाली कृषि तथा उद्यमशिल सहकारी वडा नं. २ (तरकारी पकेट)

मिति २०७७ माघ १८ गते आइतबार

क.सं.	विषय	प्रस्ताव	निर्णयहरु
			(घ) श्री तीनपाटन कृषि तथा उद्यमशिल सहकारी संस्था लिमिटेड वडा नं. १ (तरकारी पकेट)
६.	शिक्षा तथा खेलकुद सम्बन्धी	८. गा.पा. स्तरीय खेलकुद संचालन सम्बन्धमा ।	८. गाउँपालिका स्तरीय भलिबल तथा फूटबल खेल संचालनका लागि दुई छुट्टा छुट्टै क्लव मध्ये लाम्पनटार युवा क्लवलाई भलिवल र चकमके युवा क्लवलाई फूटबल खेल संचालन गर्न अनुमति दिने र प्रत्येक वडाबाट वडाध्यक्षको सिफारिसमा क्लवबाट १/१ (एक/एक) जना सहभागि गराई आयोजक समिति निर्माण गरी कार्यक्रम संचालन गर्ने र अपुग बजेटको सम्बन्धमा चालु खर्चबाट व्यहोर्ने

मिति २०७७ माघ १८ गते आइतबार

७.	कार्मचारी प्रशासन सम्बन्धमा	९. सवारी चालकको तलव वृद्धि सम्बन्धमा ।	९. यस गा.पा.मा कार्यरत सवारी चालकहरुको कार्य मूल्याङ्कन गर्दै निजहरुको मासिक तलव २६,०००।- (छब्बिस हजार) निर्धारण गरी संझौता संसोधन गर्न गाउँसभामा अनुमोदनका लागि पेश गर्ने ।